जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रवर्द्धनको गुरु
www.jaleshwortoday.com
# जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि
विज्ञापनको लागि सम्पर्क : ९८४४०२७९७१ Whats App No:- ९८२४८७७६२७ Gmail :- Jaleshwortoday@gmail.com
बर्ष १३ • अंक ३२५ • २०८३ भदौ २८ गते आईतवार • 13 Sep. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## अग्रगामी मोर्चाको बृहत् कार्यकर्ता भेला तथा अभिमुखीकरण कार्यक्रम समपन्न




**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २७ भदौ**

९ दलीय अग्रगामी मोर्चाको मधेश प्रदेश समन्वय समितिले जनकपुरधाममा बृहत् कार्यकर्ता भेला तथा अभिमुखीकरण कार्यक्रम आयोजना गरेको छ।

'सङ्घर्षका लागि एकता–समानता, स्वतन्त्रता, स्वाधीनता र सामाजिक न्यायका लागि सङ्घर्ष' भन्ने नारासहित जनकपुरधाम उद्योग वाणिज्य सङ्घको सभाहलमा आयोजित कार्यक्रममा मधेश प्रदेशका पाँच जिल्लाका महिला तथा पुरुष कार्यकर्ताको सहभागिता रहेको छ । मोर्चाको मधेश प्रदेशस्तरीय बैठकले सङ्गठन विस्तार तथा जनपरिचालनलाई तीव्रता दिने उद्देश्यले क्षेत्रीयस्तरमा भेला तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेअनुसार जनकपुरधाममा कार्यक्रम आयोजना गरिएको आयोजकले जनाएको छ। कार्यक्रममा सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाहीका नेता तथा कार्यकर्ताको सहभागिता रहेको छ । भेलामा मोर्चामा आबद्ध दलका शीर्ष नेताहरू उपेन्द्र यादव, डा. सीके राउत, प्रभु साह, जनार्दन शर्मा र रेशम चौधरीलगायतको उपस्थिति रहेको छ । देशव्यापी रूपमा जनसभा तथा कार्यकर्ता भेला गर्दै आफ्ना राजनीतिक एजेन्डा तल्लो तहसम्म पुर्‍याउने पूर्वघोषित रणनीतिअनुसार मधेश प्रदेशमा कार्यक्रम आयोजना गरिएको हो। जनकपुरधामको भेलालाई मोर्चाले मधेशमा सङ्गठन विस्तार, कार्यकर्ता परिचालन तथा राजनीतिक एजेन्डालाई स्थानीय तहसम्म पुर्‍याउने अभियानको महत्वपूर्ण चरणका रूपमा लिएको छ । भेलामा पाँच जिल्लाबाट सहभागी नेता तथा कार्यकर्ताबीच संगठनको आगामी रणनीति, जनपरिचालन तथा राजनीतिक गतिविधिका विषयमा छलफल हुने बताइएको छ । छलफलबाट मधेश प्रदेशमा मोर्चाको आगामी साङ्गठनिक तथा राजनीतिक गतिविधिको दिशा तय हुने विश्वास गरिएको छ ।

हाल ९ दलीय अग्रगामी मोर्चामा जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी, आम जनता पार्टी, नागरिक उन्मुक्ति पार्टी नेपाल, प्रगतिशील लोकतान्त्रिक पार्टी, नेपाल सङ्घीय समाजवादी पार्टी, बहुजन एकता पार्टी नेपाल, नेपाल जनमुक्ति पार्टी र खुम्बुवान् राष्ट्रिय मोर्चा नेपाल आबद्ध रहेका छन् ।

## नेपाली कांग्रेस र नेकपा एमालेसँग सहकार्य गर्नु आफ्नो पार्टीको ठूलो गल्ती: यादव

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २७ भदौ**



जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले विगतमा सत्ता स्वार्थका लागि नेपाली कांग्रेस र नेकपा एमालेसँग सहकार्य गर्नु आफ्नो पार्टीको ठूलो गल्ती भएको बताएका छन् । जनकपुरधाममा शनिबार '९ दलीय अग्रगामी मोर्चा'को मधेश प्रदेश समन्वय समितिले आयोजना गरेको बृहत् कार्यकर्ता भेला तथा अभिमुखीकरण कार्यक्रममा बोल्दै यादवले यस्तो बताएका हुन् ।

उनले नेपालका कम्युनिस्ट पार्टीहरू सिद्धान्तबाट विचलित भएर सत्ताकेन्द्रित बनेको आरोप लगाउँदै मुलुकको वर्तमान अवस्थाका लागि एमाले प्रमुख जिम्मेवार रहेको दाबी गरे। मधेश प्रदेश गठन भए पनि मधेशी समुदायको शासन, प्रशासन, भाषा र संस्कृतिको अधिकार अझै स्थापित हुन नसकेको यादवको भनाइ थियो । उनले कांग्रेस र कम्युनिस्टहरूले दिन नसकेको अधिकार अग्रगामी मोर्चाले संघर्षमार्फत प्राप्त गर्ने दाबी गरे । यादवले वर्तमान सरकारलाई 'कठपुतली सरकार'को संज्ञा दिँदै नागरिकमाथि जन्मदेखि मृत्युसम्म विभिन्न प्रकारका करको भार थपिएको आरोप लगाए। संसदमा मधेशी समुदायका प्रतिनिधि भए पनि मधेशीका अधिकारका विषयमा प्रभावकारी आवाज उठ्न नसकेको भन्दै उनले अब सडक आन्दोलनको विकल्प नरहेको बताए ।




## अस्थायी दरबन्दीमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीलाई तत्काल अन्यत्र कामकाजमा नखटाउन स्वास्थ्य निकायहरूलाई निर्देशन

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २७ भदौ**



मधेश प्रदेश सरकारले अस्थायी दरबन्दीमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीलाई तत्काल अन्यत्र कामकाजमा नखटाउन स्वास्थ्य निकायहरूलाई निर्देशन दिएको छ।

प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रदेश अन्तर्गतका स्वास्थ्य संस्थालाई पत्राचार गर्दै आर्थिक वर्ष २०८३/०८४ का लागि अस्थायी दरबन्दी स्वीकृत नभएसम्म गत आर्थिक वर्षमा अस्थायी दरबन्दीमा कार्यरत जनशक्तिलाई अन्य कार्यालयमा कामकाजमा खटाउने वा हाजिर गराउने कार्य नगर्न निर्देशन दिएको हो ।

मन्त्रालयका अधिकृत सातौं वच्चे लाल साह तेलीले हस्ताक्षर गरेको पत्रमा २०८३ असार मसान्तसम्म अस्थायी दरबन्दीमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीलाई अन्यत्र कामकाजमा खटाउन तथा कार्यालयमा हाजिर गराउन रोक लगाइएको उल्लेख छ ।

प्रदेश मन्त्रिपरिषद्को २०८३ साउन २८ गतेको निर्णयअनुसार अस्थायी दरबन्दी सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न लागिएको मन्त्रालयले जनाएको छ । सोही निर्णयका आधारमा सम्बन्धित स्वास्थ्य निकायलाई जानकारी गराउँदै निर्देशन कार्यान्वयन गर्न भनिएको हो । निर्देशन प्रदेश स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश स्वास्थ्य तालिम केन्द्र, प्रादेशिक अस्पताल, स्वास्थ्य कार्यालय तथा प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालयहरूमा पठाइएको छ । मन्त्रालयले अस्थायी दरबन्दीमा कार्यरत जनशक्तिको कामकाज तथा हाजिरीसम्बन्धी व्यवस्थामा एकरूपता कायम गर्न निर्देशन जारी गरिएको जनाएको छ । मन्त्रालयको निर्देशनअनुसार त्यस्ता चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीलाई तत्काल सम्बन्धित कार्यालयमै हाजिर गराउनुपर्नेछ ।




# 'सुन्नु' पनि एक किसिमको राहत

'मनोवैज्ञानिक प्राथमिक सहायताको मूल आधार सरल छन्, जुन हेर्नु, सुन्नु र जोड्नु रहेका छन । विपत्का बेला प्रभावित व्यक्तिको अवस्था बुझ्ने, उसको कुरा संवेदनशीलतापूर्वक सुन्ने र आवश्यक सहयोग तथा सेवासँग जोड्ने कार्य नै प्रभावकारी मनोसामाजिक सहयोगको पहिलो कदम रहेको छ ।' यसका साथै गोपनीयता, सम्मान, सांस्कृतिक संवेदनशीलता, भेदभावरहित व्यवहार र व्यक्तिको स्वनिर्णयको अधिकारलाई सधैँ सम्मान गर्नुपर्ने देखिन्छ । मनोवैज्ञानिक प्राथमिक सहायता भनेको कसैको समस्या तुरुन्तै समाधान गरिदिनु होइन तर कठिन समयमा उसको कुरा सुन्नु, साथ दिनु र आवश्यक सहयोगसम्म पुऱ्याउनु रहेको छ। साथै विपत्को समयमा डर, दुःख, तनाव वा अन्योलमा परेका मानिसको कुरा ध्यानपूर्वक सुन्ने, उसको भावना बुझ्ने र आवश्यक भावनात्मक साथ दिने प्रक्रिया रहेका छन । यस्तो सानो साथले प्रभावित व्यक्तिलाई आफू एक्लो छैन भन्ने महसुस गराउँछ र कठिन परिस्थितिको सामना गर्न हिम्मत दिन्छन । समयमै दिइएको यो सहयोगले भविष्यमा देखिन सक्ने मानसिक तथा भावनात्मक समस्याको जोखिमलाई केही हदसम्म कम गर्न पनि मद्दत गर्छ। हामीकहाँ विपत्को समयमा पीडितलाई 'नरोऊ, सबै ठिक हुन्छ, बलियो बन्नु पर्छ' भन्न सजिलो हुन्छ तर कहिलेकाहीँ मानिसलाई समाधानभन्दा पहिले कसैले उसको कुरा धैर्यपूर्वक सुनिदिओस् भन्ने चाहना हुन्छ, त्यसैले 'सुन्नु' पनि एक किसिमको राहत रहेको देखिन्छ।

# श्री राम युवा कमिटी जनकपुरधामको ७९ औँ साधारण सभा सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २७ भदौ**



श्री राम युवा कमिटी जनकपुरधामको ७९ औँ साधारण सभा शनिबार सम्पन्न भएको छ । साधारण सभाले आगामी शुभ विजयादशमी २०८३ लाई लक्षित गर्दै विभिन्न धार्मिक तथा सांस्कृतिक कार्यक्रम सञ्चालनका लागि उपसमिति गठन गरेको हो।

साधारण सभाले माता बौधी देवी मन्दिर व्यवस्थापनका लागि रवीन्द्र ठाकुर, माता अन्नपूर्णा अमरखाना मन्दिरका लागि दिलीप साह र महाअष्टमी कालरात्रि (ठेहा) व्यवस्थापनका लागि राम प्रताप साहलाई संयोजक तोकेको छ।

त्यस्तै, भजन सन्ध्या कार्यक्रमको संयोजकमा अजय कुमार साह 'शिक्षा', सुरक्षा समितिमा आनन्द कुमार मण्डल, विज्ञापन समितिमा कोषाध्यक्ष विनय साह तथा दशैँभरि भोजन व्यवस्थापन समितिमा रामकुमार मण्डल र संजय कुमार ठाकुरलाई जिम्मेवारी दिइएको छ।

महाअष्टमी निःशुल्क भोजन व्यवस्थापनको संयोजकमा राम गोविन्द साह र कालरात्रि खुट्टा तथा खम्बा लाइन व्यवस्थापनको संयोजकमा जोगिन्दर दासलाई जिम्मेवारी दिइएको छ। बेलतोरी, बेलनौती तथा शुभकामना कार्यक्रमको जिम्मेवारी भने कार्यसमितिलाई दिइएको छ।

यसैगरी, टेन्ट, लाइट तथा साउन्डको अनुगमनका लागि राम कुमार मण्डललाई संयोजक तोकिएको छ । छठ पर्वको पूजा समितिको संयोजकको जिम्मेवारी पनि राम कुमार मण्डललाई दिइएको छ। मूल अर्थ संकलन समितिमा अध्यक्षसहित सम्पूर्ण संरक्षण समितिका सदस्यहरूलाई जिम्मेवारी दिइएको कमिटीले जनाएको छ।

# राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) धनुषाको जिल्ला अधिवेशनमा विवाद

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २७ भदौ**



राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) धनुषाको जिल्ला अधिवेशन पार्टीभित्रकै एक पक्षले बहिष्कार गरेपछि विवादित बनेको छ । अधिवेशनबारे आफूहरूलाई कुनै जानकारी नदिइएको भन्दै राप्रपाका केन्द्रीय सुशासन विभागका केन्द्रीय सदस्य श्रवण झा नेतृत्वको पक्षले जिल्ला अधिवेशन बहिष्कार गरेको हो । झाका अनुसार आफूहरूलाई अधिवेशनबारे औपचारिक रूपमा कुनै सूचना दिइएको थिएन । अन्य माध्यमबाट सूचना पाएपछि मात्रै अधिवेशन हुन लागेको जानकारी भएको भन्दै उनले आपत्ति जनाए।

वडा समिति, क्षेत्रीय समिति लगायतका आधारभूत तहका समितिहरूको अधिवेशन नै सम्पन्न नभएको अवस्थामा जिल्ला अधिवेशन गर्नु पार्टीको विधान र प्रक्रियासम्मत नभएको झाको दाबी छ। आफूहरूले उठाएका विषयलाई सम्बोधन नगरी अधिवेशन अघि बढाइए समानान्तर जिल्ला समिति गठन गर्नसमेत पछि नहट्ने उनले चेतावनी दिए । अधिवेशन बहिष्कार गरेपछि राप्रपाकै नेता तथा कार्यकर्ताहरूले राप्रपा मधेश प्रदेशका अध्यक्ष भरत गिरी विरुद्ध नाराबाजीसमेत गरेका थिए। नाराबाजी गर्दै उनीहरू अधिवेशनस्थलबाट बाहिरिएका थिए । एक पक्षको बहिष्कार र नाराबाजीपछि राप्रपा धनुषाको जिल्ला अधिवेशनलाई लिएर पार्टीभित्रको विवाद सतहमा आएको छ । जिल्ला नेतृत्व चयनका विषयमा देखिएको असन्तुष्टिले आगामी दिनमा पार्टीभित्रको विवाद थप चर्किन सक्ने देखिएको छ।


## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**महोत्तरी गाउँपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**


## तपाईको टुडे

- मेषः लामो यात्राको योग छ
- वृषः मित्रतामा फाटो आउने
- मिथूनः पढाईमा ध्यान दिनुपर्ने
- कर्कटः अशुभ समाचार प्राप्त हुने
- सिंहः अनावश्यक चिन्ता
- कन्याः खानपानमा समस्या आउने
- तुलाः अनावश्यक खर्चको संभावना
- वृश्चिकः विचार गरेर बोल्नुहोला
- धनुः आम्दानी हुने
- मकरः पिछडेको साथी मिल्ने
- कूम्भः मनमा पछुतो आउने
- मीनः शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव


**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**




आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८०७६५८४५६

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु





### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा





| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# विश्वव्यापी तनाव र युद्धको छायाबीच नयाँ दिल्लीमा ब्रिक्स शिखर सम्मेलन सुरु




**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २७ भदौ**

विश्वव्यापी भू-राजनीतिक उथलपुथल, युद्ध र बढ्दो महाशक्तिको टकराएका बिच आज (शनिवार) भारतको राजधानी नयाँ दिल्लीमा उदीयमान अर्थतन्त्रहरूको समूह 'ब्रिक्स' को १८औँ शिखर सम्मेलन सुरु भएको छ । व्यापार, लगानी र विश्वव्यापी द्वन्द्वको समाधानमा केन्द्रित यस सम्मेलनमार्फत ब्रिक्सले उदीयमान र विकासशील देशहरूको एजेन्डा तय गर्न र विश्व मञ्चमा आफ्नो भूमिकालाई अझ फराकिलो बनाउन खोजिरहेको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले रुसी राष्ट्रपति भ्लादिमिर पुटिन, चिनियाँ राष्ट्रपति सी चिनफिङ, इरानी राष्ट्रपति मसुद पेजेस्कियान लगायत विस्तारित ब्रिक्सका अन्य सदस्य राष्ट्रका समकक्षीहरूलाई आतिथ्य प्रदान गरिरहेका छन्। युक्रेनमा जारी लामो युद्ध, मध्यपूर्वमा चुलिएको सङ्कट र अमेरिका-चीनबीच बढ्दो तनावले विश्व विभाजित भइरहेको समयमा आयोजित यस सम्मेलनले परस्पर विरोधी भू-राजनीतिक स्वार्थ भएका देशहरूबीच साझा विन्दु खोज्न सक्ने ब्रिक्सको क्षमताको कडा परीक्षण गरिरहेको छ ।

सम्मेलनलाई मध्यनजर गर्दै नयाँ दिल्लीको सुरक्षा व्यवस्था अत्यन्तै कडा पारिएको छ । सम्मेलन स्थल र नयाँ दिल्लीका अन्य महत्त्वपूर्ण भागहरूमा हजारौँ प्रहरी र अर्धसैनिक बलहरू तैनाथ गरिएका छन् भने ट्राफिक आवागमनमा कडा प्रतिबन्ध र मार्ग परिवर्तन लागू गरिएको छ। सन् २००६ मा ब्राजिल, रुस, भारत र चीन मिलेर स्थापना गरेको यस समूहमा सन् २०१० मा दक्षिण अफ्रिका जोडिएको थियो। हाल यो समूह ११ सदस्य राष्ट्रहरूमा विस्तार भइसकेको छ ।

जसले विश्वको करिब आधा जनसङ्ख्या र विश्वव्यापी आर्थिक उत्पादनको उल्लेख्य हिस्साको प्रतिनिधित्व गर्दछ। यस समूहले पछिल्लो समय विश्वव्यापी संस्थाहरूमा विकासशील देशहरूका लागि अझ बढी र अर्थपूर्ण प्रतिनिधित्वको निरन्तर वकालत गर्दै आएको छ । यस सम्मेलनमा नेताहरूले आर्थिक सहकार्य, ऊर्जा सुरक्षा, खाद्य सुरक्षा, प्रविधि, आपूर्ति शृङ्खला र विश्वव्यापी वित्तीय संस्थाहरूको सुधारका विषयमा गहन छलफल गर्ने अपेक्षा गरिएको छ। अमेरिकी डलरमाथिको निर्भरता कम गर्नु पनि यस सम्मेलनको प्रमुख प्राथमिकता हुनेछ ।

# डान्सिङ रियालिटी शो 'लिटल डान्सिङ च्याम्प' आजदेखि प्रसारणमा आउने




**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २७ भदौ**

बालबालिकालाई केन्द्रमा राखेर निर्माण गरिएको एक्सप्रेस डान्सिङ टेलिभिजन रियालिटी शो 'लिटल डान्सिङ च्याम्प' को प्रसारण आज (शनिबार) देखि सुरु हुने भएको छ। साँझ ९ बजे काष्ठमण्डप गोल्ड एचडी टेलिभिजनबाट प्रसारण हुने शोलाई हाइलाइट नेपालको युट्युबमा पनि हेर्न पाइनेछ ।

नेपालमा यसअघि निर्माण भएका टेलिभिजन रियालिटी शोको परम्परागत ढाँचाभन्दा फरक शैली र प्रस्तुतिसहित निर्माण गरिएको शोमा देशभरबाट छनोट भएका ५० जना बाल नृत्य प्रतिभाले प्रतिस्पर्धा गर्दैछन् । नृत्यसँगै बाल प्रतिभाको व्यक्तित्व, सृजनशीलता, प्रस्तुति र स्टेज आत्मविश्वासलाई समेत शोमा प्रथामिकता दिइएको छ । 'डान्स, ड्रीम, शाइन' भन्ने नारासहित निर्माण गरिएको 'लिटल डान्सिङ च्याम्प' को पहिलो र दोस्रो एपिसोड 'द च्याम्पियन्स राउन्ड' मा केन्द्रित हुनेछ । जुन शो आइतबार पनि प्रसारणमा आउनेछ। पहिलो चरणमा ५० जना बाल नृत्य प्रतिभाले एउटै मञ्चमा आफ्नो नृत्य प्रतिभा प्रस्तुत गर्नेछन् । जसको मूल्याङ्कन केशव थापा, बबिता पोखरेल र सरोज प्रजा निर्णायकको रूपमा रहेका छन् । ह्वाइट फेदर्स इन्टरटेन्मेन्टको आयोजना र जिनो टेक इन्टरनेशनलको व्यवस्थापनमा निर्माण भएको शो जिनो स्टुडियोज, पेप्सीकोला स्टुडियो पार्टनर तथा जिनो पेय भोटिङ पार्टनरका रूपमा रहेका छन् । कार्यक्रमको निर्माता त्रिदेवी श्रेष्ठ हुन् भने निर्देशन शानु खान रहेका छन् ।

सहायक निर्देशकमा प्रमित बखेल, व्यवस्थापनतर्फ स्वीकृति ढकाल, मनिषा बिके, सुनिल महर्जन, आर्शु महर्जन, विनोद पोखरेल र सुन्दर हाकाजु रहेका छन्। शोका विजेताले नगद तीन लाखको अलावा अन्तर्राष्ट्रिय क्षेत्रमा कार्यक्रममा सहभागीको अवसर प्राप्त गर्ने शोका निर्देशक सानु खानले बताए ।

## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**गौशाला नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**रामगोपालपुर नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।


**अनुरोधकर्ता**
**मनरासिस्वानगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**बलवा नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

# अबको प्राथमिकता : जलवायु कूटनीति



- भोटेकोशी बाढीले जलवायु परिवर्तनका कारण नेपालले भोगिरहेको असमान र घातक मूल्यलाई उजागर गरेको छ, त्यसैले जलवायु न्याय, क्षतिपूर्ति र दीर्घकालीन जलवायु वित्त अब नेपालको सर्वोच्च प्राथमिकता बन्नुपर्छ । न्यून कार्बन उत्सर्जन र विशाल हिमाली पारिस्थितिक प्रणालीलाई 'सफ्ट पावर' का रूपमा उपयोग गर्दै नेपालले सक्रिय जलवायु कूटनीति अपनाएर अन्तर्राष्ट्रिय मञ्चमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्छ ।

संयुक्त राष्ट्रसंघ, कोप सम्मेलन र प्रस्तावित सगरमाथा संवादमार्फत नेपालले वैज्ञानिक तथ्य र क्षतिको यथार्थ मूल्यांकनसहित ऋण होइन, अनुदान तथा हानि-नोक्सानी कोषमा सहज पहुँचको ठोस दाबी अघि सार्नुपर्छ। चीनको तिब्बतबाट सुरु हुने भोटेकोशी नदीमा १० भदौमा आएको प्रलयकारी बाढीका कारण रसुवा, नुवाकोट, धादिङलगायत नदी किनार क्षेत्रमा भएको महाविनाशपछि जलवायु परिवर्तनको बहुआयामिक असरबारे गम्भीर बहस प्रारम्भ भएको छ । हिमाली सुनामीजस्तै गरी आएको यस्तो अनपेक्षित महाविपत्तिले अकल्पनीय मानवीय, भौतिक, आर्थिक, वातावरणीय क्षति भएपछि यस्तो बहस हुनु स्वाभाविक हो । जलवायुजन्य कारणले समय-समयमा नेपालले भोग्दै आएको प्राकृतिक विपत्तिको पछिल्लो र अत्यन्त हृदयविदारक बिम्ब हो- भोटेकोशी । जलवायु परिवर्तनको महँगो मूल्य नेपालले चुकाउनुपरेको वास्तविकता सीएनएन, बीबीसी, न्युयोर्क टाइम्स, इकोनोमिस्टलगायतका अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले अहिले प्राथमिकताका साथ उठाइरहेका छन् । संयुक्त राष्ट्रसंघलगायत अन्तर्राष्ट्रिय समुदायले पनि भोटेकोशी महाविपत्ति, जलवायु न्याय र क्षतिपूर्तिबारे बोलेपछि नेपाल आकस्मिक रूपमा अन्तर्राष्ट्रिय बहसको एजेन्डा भएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले विश्वव्यापी तापक्रम वृद्धिका कारण गम्भीर संकट सिर्जना भइरहेको उल्लेख गर्दै नेपालको जलवायु न्याय सुनिश्चित गर्न अन्तर्राष्ट्रिय समुदायसँग अपिल गरेका छन् । बाढी प्रभावित क्षेत्रमा खोज, उद्धार र राहतजस्ता मानवीय कार्यमा सरकारले गम्भीरतापूर्वक काम गरेको दाबी गर्दै पुनःस्थापना र पुनर्निर्माणका लागि दीर्घकालीन योजनाको गृहकार्य सुरु गरेको जानकारी प्रधानमन्त्री वालेन्द्र शाहले दिएका छन् । 'नेपालले नखाएको विषको असर भोग्नुपरेको' उल्लेख गर्दै सरकारले संयुक्त राष्ट्रसंघ अन्तर्गतको हानि तथा नोक्सानी कोष (लस एन्ड ड्यामेज फन्ड) सँग क्षतिपूर्ति दाबी गरी पत्राचार गरेको छ । जुन संकटमा नगण्य भूमिका छ, त्यसको घातक मूल्य नेपालले किन चुकाइरहेको छ ? उक्त जटिल र अनुत्तरित प्रश्नको न्यायोचित उत्तर नै आजको सर्वोच्च प्राथमिकता हो ।

जलवायु परिवर्तनको उच्च जोखिममा नेपालः तापक्रम वृद्धि र जलवायु परिवर्तनका लागि जिम्मेवार कुल हरितगृह ग्यास उत्सर्जनमा नगण्य भूमिका (करिब ०.०२७ प्रतिशत) भए पनि नेपाल उच्च जोखिमयुक्त देशहरूको अग्रपंक्तिमा पर्छ । विश्व बैंकले समेत नेपाललाई 'न्यून उत्सर्जन गर्ने तर जलवायुजन्य प्रकोपको दृष्टिले उच्च जोखिमपूर्ण' देशका रूपमा चित्रण गरेको छ । औद्योगिक तथा धनी राष्ट्रहरूले दशकौंदेखि फैलाउँदै आएको प्रदूषण र कार्बनको महँगो मूल्य नेपालजस्ता न्यून उत्सर्जन गर्ने देशले चुकाइरहेका छन् । ४६ प्रतिशतभन्दा बढी भूभागमा वनजंगल संरक्षण गरी कार्बन उत्सर्जन न्यूनीकरण र पर्यावरण संरक्षणमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको नेपाल आफैं जलवायुजन्य संकटको सिकार हुँदै आएको छ । नेपालको भौगोलिक अवस्थिति र हिमाली पारिस्थितिक प्रणालीले जलवायु जोखिमलाई थप चुनौतीपूर्ण बनाएको छ ।

नेपालजस्तै भुटान, अफगानिस्तान, ताजिकिस्तान, किर्गिस्तान, पेरु, बोलिभिया, इक्वेडर, कोलम्बिया, जर्जिया, अर्मेनिया, अजरबैजानजस्ता हिमाली तथा पर्वतीय देशहरू पनि उच्च जोखिममा छन् । यसैगरी बंगलादेश, श्रीलंका, माल्दिभ्स, म्यानमार, फिजी, मार्सल आइल्यान्ड, किरिबाटी, सामोआ, भानुआटु, बार्बाडोसलगायतका समुद्र तटीय तथा टापु राष्ट्रहरू थप जोखिमपूर्ण अवस्थामा छन् । विशाल हिमाली पारिस्थितिक प्रणाली, न्यून कार्बन उत्सर्जन र जलवायु कूटनीति नेपालको 'सफ्ट पावर' हुन सक्छ । त्यसका लागि जलवायु न्याय र वित्तलाई जलवायु कूटनीतिको मूल सिद्धान्तका रूपमा स्थापित गर्नुपर्छ ।

पहिलो औद्योगिक क्रान्तिदेखि प्रकृतिको अवाञ्छित र असीमित दोहन गरिएको कारणले अहिले विश्वव्यापी जलवायुजन्य संकट सिर्जना भएको वास्तविकता घाम जत्तिकै छर्लंग छ । वास्तवमा प्रकृतिको दोहन गरेर विकास होइन, विनाश हुन्छ । यस्तो विनाश केवल अहिले मात्रै होइन, भविष्यमा झनै भयावह र अकल्पनीय हुने देखिन्छ । त्यसैले हालसम्मको अर्थतन्त्र र विकास मोडेल पुनर्विचार गरी हरित अर्थतन्त्र र हरित विकास मोडेल अनुसरण गर्नुपर्ने अपरिहार्य अवस्था सिर्जना भएको छ । नेपालको अर्थतन्त्रलाई हरित, समावेशी र उत्थानशील अर्थतन्त्रमा रूपान्तरण गर्नु अब विकल्प होइन, अनिवार्य सर्त भइसकेको छ । यस्तो अर्थतन्त्र र विकास मोडेलले जलवायु परिवर्तनका नकारात्मक असरहरूलाई न्यूनीकरण गरी अनुकूलन क्षमता अभिवृद्धि गर्नेछ । यसैगरी अबका भौतिक पूर्वाधार तथा विकास संरचनाहरू केवल वातावरणमैत्री मात्रै होइन, जलवायु परिवर्तनका बढ्दो जोखिम र प्रभावलाई सामना गर्न सक्षम हुनुपर्छ । जलवायु परिवर्तनको कारणले अहिले राष्ट्रिय संकट नै सिर्जना भएको छ । यस्तो संकट, क्षति र जोखिमलाई नेपालले प्रभावकारी रूपमा अन्तर्राष्ट्रियकरण गर्नु आवश्यक छ । प्रधानमन्त्री शाहले अन्तर्राष्ट्रिय समुदायसँग जलवायु न्यायको एजेन्डा प्रभावकारी रूपमा उठाउने घोषणा गरेका छन् । वास्तविकता के हो भने जलवायु परिवर्तनको मूल प्रश्न जलवायु न्यायसँग अन्तरसम्बन्धित छ । अहिले नेपाललाई केवल समवेदना, सहानुभूति र श्रद्धाञ्जली होइन, राहत, क्षतिपूर्ति र न्याय चाहिएको छ । जलवायु परिवर्तन नेपालको मात्र समस्या होइन र जलवायु अनुकूलनको आर्थिक भार नेपालको आन्तरिक स्रोतबाट मात्र धान्न सम्भव छैन । यो अन्तर्राष्ट्रिय समस्या हो र समाधानका लागि पनि अन्तर्राष्ट्रिय साझेदारी आवश्यक छ । त्यसैले संयुक्त राष्ट्रसंघ, दातृराष्ट्र, दातृ निकाय, अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले आपत्कालीन सहायता र अनुदान मात्र होइन, पुनर्निर्माण र जलवायु अनुकूलनका लागि दीर्घकालीन सहयोग र लगानी गर्नु आवश्यक छ । जलवायु कूटनीतिमा नेपालको नेतृत्वदायी भूमिका- तर यो केवल संकट मात्रै होइन, नेपालको विदेश नीति पुनर्परिभाषित गरी अन्तर्राष्ट्रिय मञ्चमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने अवसर पनि हो । वास्तवमा 'सानो, अल्पविकसित र राहत माग्ने पीडित' बाट 'जलवायु न्याय र अन्तर्राष्ट्रिय उत्तरदायित्वसम्बन्धी कूटनीतिमा नेतृत्व गर्ने नेपाल' का रूपमा प्रस्तुत हुने उपयुक्त घडी हो । उक्त वास्तविकतालाई आत्मसात् गर्दै जलवायु परिवर्तनको असर न्यूनीकरण गरी वातावरण संरक्षण अबको विदेश नीतिको प्रमुख प्राथमिकता हुनुपर्छ । विदेश नीतिका साथै राष्ट्रिय सुरक्षा नीति, विकास रणनीति तथा आर्थिक कूटनीतिको अभिन्न अंगका रूपमा परिभाषित गर्नुपर्छ । नेपालले हालसम्म अख्तियार गर्दै आएको परम्परागत र औपचारिक कूटनीतिबाट माथि उठेर 'प्रो-एक्टिभ' कूटनीति अनुसरण गर्नु आवश्यक छ । जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघ तथा अन्य अन्तर्राष्ट्रिय मञ्चको नीति निर्माण तथा त्यससम्बन्धी सन्धि, सम्झौता र निर्णय कार्यान्वयन गराउन प्रभावकारी भूमिका निर्वाह गर्नुपर्छ । जलवायुजन्य हानि तथा नोक्सानीलाई जलवायु कूटनीतिको प्रमुख एजेन्डा बनाउनुपर्छ । तापक्रम वृद्धि तथा हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण गर्न संयुक्त राष्ट्रसंघलगायत अन्तर्राष्ट्रिय मञ्चहरूमा गरिएका जलवायुजन्य जोखिम र संकटमा परेका विश्वभरिका हिमाली तथा पर्वतीय देशहरूको जलवायु न्याय सुनिश्चित गर्ने अभियानको नेतृत्व नेपालले गर्नुपर्छ । हरितगृह ग्यास उत्सर्जनमा नगण्य भूमिका तथा आफैं पीडित भएको कारणले यसको नेतृत्व गर्ने नैतिक अधिकार र हैसियत दुवै नेपालसँग छ । नेपालले सैन्य तथा आर्थिकजस्ता 'हार्ड पावर' को क्षेत्रमा भूमिका निर्वाह गर्न सक्दैन । भौगोलिक दृष्टिले साना भए पनि स्विट्जरल्यान्ड, नर्वेलगायतका देशहरूले 'पिस डिप्लोमेसी' को क्षेत्रमा जस्तै नेपालले जलवायु कूटनीतिमा नेतृत्वदायी भूमिका खेल्न सक्छ । तर यस्तो उच्च महत्त्वको वैश्विक एजेन्डाको नेतृत्व गर्न दूरगामी भिजन र उच्च कूटनीतिक क्षमता तथा कौशलता आवश्यक पर्छ ।

साभार : कान्तिपुर ।

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"





सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

अनुरोधकर्ता
धनौजी गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

अनुरोधकर्ता
शहिदनगर नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday